**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/१३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | उल्लिखित आधार लिई विशेष अदालत काठमाण्डौबाट भएको फैसला देहायका आधार, कारणहरुबाट बदर भागी छ. |
|---|---|---|---|---|---|
| १ | सावन कुमार चौधरी, रमेश प्रसाद चौधरी र गुरुदेव यादव<br>मु.नं(०८०-CR-०१८०)फैसला मिति २०८१/०८/२७ | **घुस/ रिसवत लिई भ्रष्टाचार गरेको।** | **आयोगको माग दावी**<br>**क. प्रतिवादी सावन कुमार चौधरीको हकमाः** श्री आधारभूत विद्यालय गोठकोयलपुरको बाउन्ड्री वाल निर्माण कार्यको रकम भुक्तानीका क्रममा बार्गेनिङ गरी घुस रिसवत माग गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी सावनकुमार चौधरीलाई बिगो रु.२,७५,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय हुन माग दाबी लिईएको।<br>साथै प्रतिवादी सावनकुमार चौधरीले शहिदनगर नगरपालिकालाई हानी नोक्सानी पुर्या उने आफू समेतलाई हित हुने गरी रुफ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन कम्पनीका तर्फबाट कामकाज गर्ने गरी प्रतिवादी रमेशप्रसाद चौधरीलाई Power of Attorney दिएको देखिने नक्कली/गलत लिखत तयार गरी गराई शहिदनगर नगरपालिकामा पेस गर्ने समेतको काम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ बमोजिमको समेत कसुर गरेको हुँदा | **अदालतको फैसला**<br>सम्पूर्ण प्रतिवादीहरुले आरोपदावीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको छ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>**क.** सावनकुमार चौधरी मिति२०८०।०३।१५ मा नै सरुवा भई नगरपालिकाबाट रमाना लिई गइसकेकाले उजुरी मितिमा सो कार्यालयमा कार्यरत रहेको नदेखिएको।<br>**ख.** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (२) को कसुर हुनलाई गैर राष्ट्र सेवकले कुनै राष्ट्र सेवकको ओहदा वा हैसियतको काम | **क.** जिल्ला धनुषा, शहिदनगर नगरपालिका वडा नं. ९ स्थित रहेको श्री रा.प्रा.वि.आधारभूत विद्यालय गोठकोयलपुरको बाउन्ड्री वाल निर्माणको लागि नगरपालिकाले रु.५,००,०००।— विनियोजन गरेकोमा आ.ब.२०७९।८० मा नगरपालिका र आदित्य एण्ड सरोज इन्जिनियरिङ्ग कन्सट्रक्सनबाट अख्तियारी प्राप्त अरुण कुमार यादव विचमा सम्झौता भई निज अरुणकुमार यादवले कार्य सम्पन्न पश्चात अन्तिम विल भुक्तानी माग गर्दा नगरपालिकाका इन्जिनयर रमेश कुमार चौधरीले नगद रु. दुई लाख घुस माग गरेकोले उजुरवालाले रु.१,००,०००।— र रु.१,७५,०००।- चेक दिएको अवस्थामा उक्त नगद र चेक प्रतिवादी रमेश कुमार चौधरीको सँगै रहेका गुरुदेव यादवको साथबाट वरामद भएको देखिएकोले यि प्रतिवादीहरु रमेश कुमार चौधरी, गुरुदेव यादव, सावन कुमार चौधरी र उजुरवाला अरुणकुमार यादवको विचमा कार्यालयको सरकारी कामको शिलसिलामा सार्थक सम्वन्ध (Meaningful Relation) रहेको तथ्य पुष्टि हुँदाहुदै भ्रष्टाचार मुद्दामा पहिलो तत्वको रुपमा कार्यालयको कामको सम्वन्ध रहेको तथ्य पुष्टि हुने प्रमाणको मुल्याँकन विश्लेषण नगरी भएको फैसला त्रुटीपूर्ण हुँदा वदरभागी छ।<br>**ख.** उजुरवाला अरुणकुमार यादवले अनुसन्धानको क्रममा वयान गर्दा र अदालतमा वकपत्र गर्दा समेत धनुषा सहिदनगर नगरपालिका ईन्जिनियर रमेश प्रसाद चौधरी सँग भेटेर भुक्तानी माग गर्दा केही केही कागज पत्रमा हस्ताक्षर गर्न बाकी छ भनी काम आलटाल गरिरहेको थियो, रमेश प्रसाद चौधरीले पहिला रु.२,००,०००।- मागेको थियो अनि रु.१,००,०००।- चेक र रु.१,००,०००।- क्यास पैसा दिनु भनेर मलाई दुःखदिईरहेको थियो। रमेश प्रसाद चौधरीलाई निजले घुस/रिसवत वापत मागेको रु.१,००,०००।- रकम निजलाई दिन खोज्दा निजसँगै आएको व्यक्ति गुरुदेव यादवलाई दिनु भनेपछी मैले गुरुदेव यादवलाई दिए, अनि राष्ट्रिय वाणिज्य बैंक को खाता नं.१४५०१००००६८५००१, चेक नं.००९९१९६९३४ भएको आदित्य एण्ड सरोज ईन्जिनियरिङ कन्स्ट्रक्सन कम्पनीको चेक पनि गुरुदेवलाई दिनु भने पछि रमेश प्रसाद चौधरीले चेकमा रु.१,७५,०००।- गुरुदेव कै नाममा लेख्न लगाई निजलाई नै बोक्न दियो। प्रतिवादीहरुले श्री रा.प्रा.वि. गोठकोयलपुरको पुरानो बाउन्ड्री वाल निर्माण को नापी किताब कार्य सम्पन्न प्रतिवेदन र अन्तिम बिल भुक्तानीको सम्पुर्ण कार्य गरे बापत घुस/रिसवत रकम लिएको हुँदा निजलाई कानून बमोजिम कारवाही गरि पाउन भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिन्छ। यसै सन्दर्भमा प्रमाण ऐन, २०३१ को दफा १८ मा कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको तहकिकात वा जाँचबुझको शिलशिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएका कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भई वयान गरेमा प्रमाणमा लिन हुन्छ भनि नेपाल सरकार विरुद्ध दिवाकर पण्डित भएको ने.का.प. २०६० अंक १.२ नि.नं. ७१६७ मा प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा प्रमाण ऐन, २०३१ को दफा ५० बमोजिम जिरह समेत भएको साक्षीको कागजलाई Legally Admissible evidence को रुपमा लिई फैसला गर्नुपर्नेमा सो प्रमाणलाई अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>**ग.** प्रतिवादी रमेश प्रसाद चौधरीको मोबाईल नं.९८०९६९७१९७ र प्रतिवादी सावन कुमार चौधरीको मोबाईल नं.९८४४२४१६९९ बिच मिति २०८०/०२/०४ गते (२०२३-०५-१८ गते) समय १०:२३:०५, ११:३७:०१, ११:४६:२७ र १२:३१:०६ बजे चार पटक फोन कल भएको व्यहोरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निज प्रतिवादी सावनकुमार चौधरीलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ बमोजिम कैद र जरिबानाको सजाय हुन मागदाबी लिईएको।<br>ख. **प्रतिवादी रमेशप्रसाद चौधरीको हकमाः** श्री आधारभूत विद्यालय गोठकोयलपुरको बाउन्ड्री वाल निर्माण कार्यको रकम भुक्तानीका क्रममा प्रतिवादी रमेशप्रसाद चौधरीले प्रतिवादी सावनकुमार चौधरीसँगको मिलोमतो, योजना तथा निर्देशानुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसुर गरेको, साथै सोही ऐनको दफा ९ बमोजिमको गलत लिखत तयार गर्ने कसुरको लाभ प्राप्त समेत गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर अपराधसमेत भएको हुँदा निज प्रतिवादी रमेशप्रसाद चौधरीलाई बिगो रु.२,७५,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय हुन, साथै सोही ऐनको दफा ९ बमोजिम मुख्यकसुरदारलाई हुने कैद र जरिबाना सजायलाई आधारमानी | गर्न वा नगर्न मनाउने उद्देश्यले कुनै व्यक्तिबाट रिसवत लिएको हुनुपर्छ प्रतिवादी रमेशप्रसाद चौधरी र प्रतिवादी गुरुदेव यादव राष्ट्रसेवक रहेको देखिएन।<br>ग. प्रतिवादी सावनकुमार चौधरीको निर्देशनमा प्रतिवादी रमेश चौधरीले अरुण यादवसँग रिसवत माग गरेको भन्ने दाबीको वारदात नै स्थापित हुन नसकेको।<br>घ. विशेष अदालत ऐन, २०५९ को दफा ७(क) बमोजिम बुझिएका साक्षी कन्सल्टेन्सीका प्रोपराइटर गिरधारी कुमार साहले उक्त Power of Attorney आफ्नो रहेको भनी | प्रहरी ईन्टिलिजेन्स शाखाको चलानी नं.१३७७१, मिति २०८०/०५/३१ गतेको पत्रसाथ प्राप्त कल डिटेल विवरणबाट देखिन्छ। प्रतिवादी सावन कुमार चौधरीको साथ बाट प्राप्त मोबाईल(SAMSUNG SM-S९०८E, IMEI N.३५१३३८९११४७२८९१, AND ३५१४६७४४१४७२८९७) को परिक्षण गर्दा Advanced Logical_२०२३-०९-११_Report को पेज नम्बर ७८६४ मा power of attorney (निज सावन कुमार चौधरी र रमेश प्रसाद चौधरीको हस्ताक्षर नभएको) को ईमेज नं.२४३२३, Roof pdf_embedded_१.jpg, MD५: ४३१४७९६८०९c३१७७c१८६beee९0db२३fa९ मिति २०७९/११/०६ गते (सन २०२३/०२/१८ गते) कैद भएको देखिन्छ भने रमेश प्रसाद चौधरीको मोबाईल को whatsapp message(sawan sir , phn no. ९८५४०२०६१४ बाट)मा उक्त power of attorney को पत्र मिति २०७९/१२/२८ गते (सन २०२३/०४/११ गते) आएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग को डिजिटल फोरेन्सिक युनिटको विवरण बाट देखिएको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत रहेका सावन कुमार चौधरीले के कुन स्वार्थमा ईन्जिनियर रमेश प्रसाद चौधरीलाई नक्कली power of attorney दिए भन्ने अनुमान गर्न कठीन छैन।तसर्थ प्रमुख प्रशासकीय अधिकृत सावन कुमार चौधरी समेतको मिलेमतोमा प्रतिवादीहरु रमेश प्रसाद चौधरी र गुरुदेव यादवले उजुरकर्तासंग घुस/रिसवत माग गरी बुझिलिएको भन्ने स्पष्ट देखिदा देखिँदै विशेष अदालतबाट भ्रष्टाचारको कसूर हुनका लागि राष्ट्रसेवक जोडिनु पर्ने प्रतिवादी रमेशप्रसाद चौधरी र प्रतिवादी गुरुदेव यादव राष्ट्रसेवक रहेको देखिएन भन्ने आधार लिई भएको फैसलामा आत्मपरक विश्लेषण भएको देखिदा उक्त फैसला बदरभागी छ।<br>घ. रुफ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.ली.का संचालक गरिधारी कुमार साहले अनुसन्धानका क्रममा वयान गर्दा, **"प्रमुख प्रशासकीय अधिकृत सावन कुमार चौधरीसंग लगभग ७/८ महिना अगाडिबाट कामको सिलसिलामा नगरपालिका जाँदा चिनजान भएको हो, ईन्जिनियर रमेश प्रसाद चौधरी र गुरुदेव यादवलाई म चिन्दिन।मिति २०७९।०९।१२ गते रुफ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.ली. को लेटर प्याडमा power of attorney दिईएको पत्र बारे मलाई केहि पनि थाहा छैन। लेटर प्याडमा भएको कम्पनीको नाम मेरो कम्पनीको हो तर लेटर प्याड, कार्यालयको छाप मेरो कम्पनीको होईन।लेटर प्याडमा भएको मेरो नामको हस्ताक्षर मेरो होईन।मैले रमेश प्रसाद चौधरीलाई कुनै पनि किसिमको power of attorney दिएको छैन"** भन्ने समेत व्यहोरा उल्लेख गरेकोमा निजले अदालत समक्ष प्रतिकुल वकपत्र गरेतापनि प्रमाण ऐन, २०३१ को दफा ९(१) को (क) मा उल्लेख भए अनुसार निजलाई अनुसन्धानका क्रममा दवाव प्रभावबाट वयान गरिएको भन्ने तथ्य पुष्टि हुने कुनै प्रमाण पेश हुन नसकेकोले निजले अदालत समक्ष प्रतिकुल वकपत्र गरेतापनि मिशिल संलग्न खानतलासी बरामदी मुचुल्काका मानिसहरुको भनाई, उजुरवालाले पेश गरेको अडियो भिडियो संवादको स्क्रिप्ट राईटिङ समेतका Corroborative Evidence बाट प्रतिवादीहरु विरुद्धको कसूर स्थापित भई रहेको अवस्थामा सो Multiple Evidence को समुच्चा व्याख्या गरी फैसला गर्नु पर्नेमा उक्त प्रमाणलाई नजरअन्दाज गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>ङ. भ्रष्टाचार जन्य कसूर स्वेतगृवि (White Collar) अपराध भएको र त्यस्तो अपराधमा प्रमाण संकलन कार्य सजिलो नहुने हुँदा त्यस्तो अपराधको सुत्र सम्म फेला पर्यो भने उक्त सुत्र नै कसूर पुष्टि गर्न पर्याप्त हुने भन्ने मान्यतालाई सर्वोच्च अदालतले समेत ग्रहण गरेको देखिन्छ।उक्त मान्यतालाई शुरु अदालतले समेत मनन गरि मिसिलमा रहेको निवेदकले दिएको उजुरी निवेदन, निवेदकको मौकामा आयोग समक्ष र अदालत समक्ष गरेको कागज र वकपत्र, वरामदी तथा खानतलासी मुचुल्का र उक्त मुचुल्काका साक्षीले अदालतमा गरेको बकपत्र, अडियो सम्वादको आधारमा तयार पारिएको स्क्रिप्ट राईटिङ्ग (रकम नै किटान गरी माग गरेकों) लगायतका प्रमाणलाई मालाकार तवरमा सुक्ष्म |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम समेत प्रतिवादी रमेशप्रसाद चौधरीलाई सजाय हुन मागदाबी लिईएको।<br>ग. **प्रतिवादी गुरुदेव यादवको हकमाः** प्रतिवादी गुरुदेव यादवले रमेशप्रसाद चौधरी समेतको मिलोमतोमा सँगै गई घुस रिसवत लिई आफ्नो साथमा राखी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी गुरुदेव यादवलाई बिगो रु.२,७५,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो अनुसार जरिबाना सजाय हुन मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर भएको देखिन्छ। | अदालत समक्ष बकपत्र गरेको देखिन्छ। साथै प्रतिवादी रमेश चौधरीलाई कन्सल्टेन्सीबाट नै तलब दिएको कुरा प्रोपराइटर गिरधारी कुमार साहले अदालत समक्ष गरेको बकपत्र तथा कन्सल्टेन्सीको तलब भुक्तानीको कागजबाट देखिएको। | रुपमा विश्लेषण गरी प्रतिवादीहरुको संलग्नताको आधारमा उचित सजाय गर्नुपर्नेमा स्वीकार योग्य प्रमाणहरुलाई आधार कारण विना सहती रुपमा लिई प्रमाणमा ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपुर्ण छ।<br>**च.** प्रमाण ऐन, २०३१ को दफा १३क.(१) मा श्रव्य-दृश्य माध्यमवाट विद्युतिय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनि उल्लेख भएको अवस्थामा विद्युतिय माध्यमहरुको प्रयोग गरी तयार गरिएका अडियो निवेदकले प्रतिवादीसँग गरेको कुराकानीको स्क्रिप्ट राईटिङ्गलाई समेत प्रमाण ऐन अनुसार प्रमाणको रुपमा ग्रहण गरिनु पर्नेमा नगरी कानूनी व्यवस्थाको अनदेखा गरी गरिएको उक्त फैसला त्रुटीपूर्ण रहेकोले बदर भागी छ। सोही परिप्रेक्ष्यमा **(ने.का.प.२०७४, अंक ९, नि.नं.९८८०)** मा **"सि.डी. लगायत विद्युतीय माध्यमबाट संकलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने अवश्य होइन। विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकास र थपिएका अनेकौं नवीनतम् आयामहरूलाई न्याय निरूपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने"** भनि सिद्धान्त प्रतिपादन भएकोमा प्रस्तुत मुद्दामा समेत कल डिटेल, Audio record र स्क्रिप्ट राईटिङ्ग लगायतका प्रमाणहरुलाई अनदेखा/नजरअन्दार गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br>**छ.** धनुषा सहिदनगर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सावन कुमार चौधरीको निर्देशनमा इन्जिनियर रमेश कुमार चौधरी र निजको साथमा रहेको गुरुदेव यादवले घुस/रिसवत माग गरी सो प्राप्त भएपछि आफ्नो संग साथबाटै बरामद भएकोले घुस रिसवत मुद्दामा आवश्यक तत्व Demand, Bargaining, Willful acceptance and Benefit or personal advantage and Abuse of Power को अवस्था देखिदा देखिदै उक्त प्रमाणको विश्लेषण नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाण मुल्याँकनको रोहमा त्रुटीपूर्ण हुँदा उक्त फैसला बदर गरी पाउँ।<br>अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, यी प्रतिवादीहरु सावन कुमार चौधरी, रमेश प्रसाद चौधरी र गुरुदेव यादवलाई आरोपदावी बमोजिमको कसूरबाट सफाई दिने ठहर गरी भएको बिशेष अदालतको फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |